# पथरी शनिश्चरे नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## पथरी, मोरङ

फो.नं. ०२१-५५५२१२
५५६११२
५५६११३
५५५२९६ फ्या.

१.प्रदेश,नेपाल


प.सं. २०७७/०७८
च.नं.

मिति : २०७७|०४|२२

विषय :पथरी शनिश्चरे नगरपालिकाको अत्यान्त जरुरी सूचना ।

विश्व महामारीको रुपमा फैलिएको नोवेल कोरोना भाईरस (COVID-19 ) जोखिम न्यूनिकरण सम्बन्धमा नेपाल सरकारले मिति २०७६|१२|११ देखि बन्दाबन्दी (लकडाउन) गर्ने निर्णय गरेको र हाल लकडाउन खुकुलो हुँदै गएको अवस्थामा समुदायमा कोरोना भाइरसवाट संक्रमित हुनेको संख्या दिनानुदिन बढी रहेको साथै छिमेकी पालिकाहरुमा समेत समुदायमा कोरोना भाइरसवाट संक्रमण भएकाले मिति २०७७|४|२२ गते बसेको कोरोना भाइरस जोखिम न्यूनिकरण नगरस्तरिय समन्वय समिति तथा नगरकार्यपालिका बैठकले यस पथरी शनिश्चरे नगरपालिकालाई कोरोना भाइरसको जोखिमवाट बचाउन मिति २०७७|०४|२३ गते शुक्रवार रातको १२:०० वजे देखि  मिति २०७७|०४|३२ गते सम्म अत्याबश्यकीय सेवा बाहेक तपसिल बमोजिमक सेवा तथा कार्यहरु पूर्णरुपमा बन्दाबन्दी गर्ने निर्णय भएको हुँदा सो निर्णय कार्यान्वयन गर्नु गराउनु भइ कोरोनावाट आफु बाँच्न र अरुलाई पनि बचाँउन सहयोग पुऱ्याउनुहुन सम्पूर्ण महानुभावहरुलाई हार्दिक अनुरोध छ ।

१. नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थावाट प्रवाह हुने सेवा बाहेक पथरी शनिश्चरे नगरकार्यपालिकाको कार्यालय तथा वडा समितिको कार्यालयहरुको दैनिक प्रशासनिक सेवा बन्द रहने ।

२. पथरी शनिश्चरे नगरपालिका क्षेत्रमा लाग्ने दैनिक तथा साप्ताहिक हाटवजारहरु पूर्णरुपमा बन्द गर्ने ।

३. अत्याबश्यकीय कामको सिलसिलामा घर बाहिर निस्कदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने र मास्क नलगाएको खण्डमा तथा नियमको पालना नगरेमा गृह मन्त्रालयको आदेश बमोजिम स्थानीय प्रहरी प्रशासनले कानूनी कार्वाही अगाडि बढाउने ।

४.पथरी शनिश्चरे नगरपालिकाको छिमेकी पालिकावाट प्रवेश हुने सिमाक्षेत्रमा बसोवास गर्नुभएका वा अन्य नगरक्षेत्रमा बसोवास गर्ने नगरवासीहरुले नौलो अपरिचित व्यक्ति नगरपालिका क्षेत्रमा प्रवेश गरेको सूचना प्राप्त भएमा स्थानीय प्रहरी समक्ष जानकारी गराइदिनुहुन अनुरोध गर्ने ।

५. अत्याबश्यकीय सेवामा बाहेक सार्वजनिक तथा निजी सवारी साधन बन्द गर्ने ।

६. पथरी शनिश्चरे नगरपालिका क्षेत्रमा रहेका बैक,बित्तीय संस्था र सरकारी तथा गैर सरकारी संस्थावाट प्रवाह हुने अत्याबश्यकीय सेवा वाहेक सबै सेवा बन्द गर्ने ।

७. शैक्षिक संस्था, होटल,रेष्टुरेन्ट, लज,पार्टिप्यालेस,धार्मिक स्थल तथा पर्यटकीय क्षेत्र,ब्युटीपार्लर, शैलुन, जिमहल पूर्णरुपमा बन्दरहने ।

८. अत्यावश्यकीय सामाग्री खाद्यान्न,फलफुल,सागसब्जी,दुग्धजन्य पदार्थ बिक्री गर्ने पसल, प्रत्येक दिन विहान ६:०० वजे देखि ९:०० वजे सम्म मात्र खुल्ला गर्ने अन्य समय बन्दरहने ।

९.जेष्ठ नागरिक (७० वर्ष माथि) र १२ वर्ष मुनिका बालवालिकालाई घरवाहिर ननिस्कन अनुरोध गर्ने ।

१०.पानीवोक्ने सवारी साधन,एम्बुलेन्स,दमकल,सववाहन,सरकारी तथा निजी स्वास्थ्य संस्था,क्लीनिक,औषधि पसल सूचारु रहने ।